# अनमोल रत्न मणिभद्रजी महाराज

मानवमिलनका राष्ट्रिय महिला अध्यक्ष कुसुम जैनले आफ्ना गुरुदेव मणिभद्रजी मुनिहरुमा अनमोल रत्न भएको बताउनुभयो। पोखरामा यस पुस्तकका लेखकसँग उहाँले भन्नुभयो- मणिभद्रजी महाराज आध्यात्मिक फूलवारीका एउटा यस्तो फूल हुनुहुन्छ जसबाट संयम, त्याग, तपस्याको सुगन्ध फैलिरहन्छ। यस्तो बगैंचामा भ्रमण गर्नेहरु जो कोही पनि उक्त सुगन्धबाट मोहित हुनपुग्छ। सरलता, शालीनता, मधुरता आदि दिव्य गुणहरु गुरुदेवका व्यक्तित्वमा सदा झल्किरहन्छन्। उहाँसँग सत्सँग गर्न पाउँदा मन पवित्र हुन्छ। कुसुम जैनका अनुसार गुरुदेव कुनै व्यक्ति समाज तथा सम्प्रदायमा बाँधिएको हुनुहुन्न। गुरुदेव साधनाको कारण निर्मल र निर्विकार भइसक्नु भएको छ। उहाँका लागि सबै समान छन्। उहाँ धनी, गरीब, ठूलो, सानो, शिक्षीत, अशिक्षीत भनेर भेदभाव गर्नुहुन्न। उहाँको दृष्टि सबैमाथि समान रहन्छ। यस्ता उदार र महान सन्त समाजमा भेट्न मुस्किल पर्छ।

मणिभद्रजी महाराज मानवताको पूजामा जोड दिनुहुन्छ। उहाँका विचारमा मानवता भन्दा ठूलो पूजा अर्को कुनै हुन सक्दैछ। मणिभद्रजी महाराज आध्यात्मिकताका प्रवल पक्षधर हुनुहुन्छ। उहाँले आत्मानुभूति गर्नुभएको छ। उहाँको लक्ष्य सम्पूर्ण शोकाकूल र दुःखीहरुको सेवा गर्नु हो। मानव-मानवबीचका सम्पूर्ण भेदभावहरु मेट्न आतुर हुनुहुन्छ। उहाँद्वारा स्थापित मानवमिलनका हरेक शाखामा निःस्वार्थ भावले दीनदुःखीको सेवा हुनुले यसलाई पुष्टि गर्छ।

मणिभद्रजी महाराजका विचारमा एक मानवको मनसँग अर्को मानवको मन मिलाउनु मानवमिलन संस्थाको पवित्र उद्येश्य हो। यसो हुन सक्यो भने मात्रै विश्वमा शान्ति र सद्भावको विकास हुन्छ। सहचिन्तनबाट नै सहिष्णुताको विस्तार हुन्छ।

संसारमा अहिले मानिसहरु आ-आफ्ना धर्म, जाति, राष्ट्रियता र क्षेत्रियताका संकुचित नारा बोकेर हिँडिरहेका छन्। आ-आफ्ना स्वार्थ सिद्ध गर्न मानिस




भलाकुसारी- सम्माननीय उपराष्ट्रपति परमानन्द झासँग वार्तालाप गर्नुहुँदै



मानवमिलन पोखराका प्रतिनीधि रेशमराज सुवेदीलाई दोसल्ला ओढाउनुहुँदै मणिभद्रजी महाराज

तम्सिराखेका छन् । एउटा जात अर्को जातका विरुद्ध एउटा धर्म अर्को धर्मका विरुद्ध वकालत गरिरहेका छन् । सह-अस्तित्व हराइरहेको छ । यस्तो विषमता अन्त्य गरी सामाजिक सद्भाव कायम गर्न मानवमिलन समाजले मानवतावादी व्यक्ति वा संस्थालाई मानवरत्न अलंकारद्वारा विभूषित गर्ने गरेको संस्थापक मुनि मणिभद्रजी महाराज बताउनुहुन्छ ।




पनि मानवमिलनका गतिविधिहरु राम्ररी सञ्चालन होस् भन्ने चाहना राख्नुहुन्छ । उहाँको चाहना बुझेर उहाँका परम शिष्य भारतका प्रसिद्ध उद्योगपति दीपक कोठारीले आफ्नो निजी खर्चबाट मानवमिलन समाजको लागि पोखरामा भवन खरीद गर्नुभयो । सो भवनमा अहिले महाराजजीको प्रवचन चलिरहेको छ । सामाजिक गतिविधिहरु पनि अगाडि बढिरहेको छ । मानवमिलन संस्थाको पवित्र भावनाको कदरस्वरुप सनातन धर्म सेवा समिति कास्कीले जन्माष्टमी महापर्व २०६७ को अवसरमा सम्माननीय उपराष्ट्रपति परमानन्द झाको बाहुलीबाट मानवमिलन संस्थालाई सम्मानपत्र प्रदान गरिएको थियो ।



मुनि मणिभद्रजी महाराज, उपप्रधानमन्त्री सुजाता कोइराला, मानवमिलनका राष्ट्रिय महिला अध्यक्ष कुसुम जैन काठमाडौंमा आयोजित एक कार्यक्रममा 'मृतशहर' उपन्यासको विमोचन गर्नुहुँदै ।




पोखरा-८, एयरपोर्ट स्थित नेपालकै पहिलो जैन स्थानक भवन



उपप्रधानमन्त्री सुजाता कोइरालालाई स्मारीका प्रदान गर्नुहुँदै मुनि मणिभद्रजी महाराज

# तपस्वी रत्न- 'मुनि मणिभद्र'

मणिभद्रजी महाराज एक तपस्वी-रत्न हुनुहुन्छ । भगवान महावीरका अनुयायी मणिभद्रजी महाराजले कठोर तप गर्नुभएको छ । मणिभद्रजी महाराज उच्चकोटीका साधक हुनुहुन्छ । उहाँ घण्टौसम्म ध्यानमा डुवुल्की मार्ने गर्नुहुन्छ । उहाँ हप्तामा एक दिन मौनव्रत धारणा गर्नुहुन्छ । नित्य स्वाध्याय, परिशीलनका कारण उहाँ ज्ञानको सागर हुनुहुन्छ । भगवान महावीर परम सत्यलाई वोध गरेका कारण भगवान बन्न पुग्नुभएको हो । भगवान महावीरका अहिंसा र अनेकान्त सिद्धान्तलाई जीवनमा धारण गरी प्रचार-प्रसार गर्नु एक कठिन कार्य हो । प्रत्येक व्यक्तिलाई आत्माको महत्व र पुरुषार्थको प्रेरणा दिनु सामान्य काम होइन । भगवान महावीरलाई संयमताको प्रतिमूर्ति मानिन्छ । स्वतन्त्रता, सापेक्षता, सह-अस्तित्व र समन्वयका प्रतीक हुन् भगवान महावीर । भगवानका यी अमूल्य सिद्धान्तहरुको अनुशरण गरी प्रचार-प्रसार गर्नु पनि स्वयंमा एउटा महान तप हो ।




श्रवण संस्कृतिलाई कसै कसैले वैराग्य संस्कृति समेत भन्ने गरेका छन् । जैन धर्मलाई कसै कसैले अर्हत धर्म पनि भन्ने गर्दछन् । जैन परम्पराका प्रथम तीर्थकर भगवान ऋषभदेव मानव सभ्यताका सूत्रधारका रुपमा चिनिनुहुन्छ । श्रीमद्भागवगत पुराणका अनुसार भगवानका २४ अवतार मध्ये आठौं अवतारमा वर्णन गरिन्छ भगवान ऋषभदेवलाई ।

२४ औं तीर्थकारका रुपमा प्रसिद्ध भगवान महावीर, भगवान गौतम वुद्ध भन्दा केही दशक अघि जन्मनु भएको मानिन्छ । भगवान महावीरका शिक्षामा अहिंसा, सत्य, अस्तेय र अपरिग्रहका अलावा ब्रम्हचर्य समेत गरी पांच महाव्रतलाई